# ग्लोबल बैंक लिमिटेडको
# पाँचौ वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन,२०६३ र बैंकको नियमावली बमोजिम बैंकको पाँचौ वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समयः**

मिति : २०६८ साल कार्तिक १ गते मंगलवार (तद्अनुसार १८ अक्टोवर २०११)

समय : दिनको १०.०० बजे

स्थान : होटल भिस्वा (Hotel Vishwa) , वीरगंज, पर्सा ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार पाँचौ वार्षिक साधारण सभा हुने स्थान, मिति,समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सूचना मिति २०६८/०६/१० गतेको आर्थिक अभियान (राष्ट्रिय दैनिक) र मिति २०६८/०६/११ गतेको कारोवार राष्ट्रिय (आर्थिक दैनिक) पत्रिकामा प्रकाशित गरिनुको साथै संचालक समितिले सो साधारण सभामा प्रस्तुत गर्ने विशेष प्रस्ताव र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइएको थियो ।

४. **छलफलको बिषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व.२०६७/०६८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण पारित गर्ने ।

३) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०६८/०६९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (

बर्तमान लेखापरीक्षक सुन्दर एण्ड कम्पनी, चाटर्ड एकाउन्टेन्ट पुनः नियुक्ति हुन सक्नेछ )

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम ५.३५ प्रतिशत नगद लाभांश पारित गर्ने ।

५) संस्थापक शेयरधनी समूह **क उप-समूह ए, बी, सी, डी, ई, एफ.** बाट संचालक पद ६ (छ) को निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्तावहरुः**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुंजीको ६.६७ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पुंजी तथा चुक्ता पुंजी बृद्धि गर्ने सम्बन्धि विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) बैंकको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने ।

(ग) विविध ।

**५. उपस्थितिः**

**५.१ कम्पनी ऐन,२०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु**

| | | |
|---|---|---|
| १. | श्री चन्द्र प्रसाद ढकाल | अध्यक्ष |
| २. | श्री कृष्ण बहादुर कुँवर | संचालक |
| ३. | श्री सन्दिप अग्रवाल | संचालक |
| ४. | श्री धन बहादुर शेरचन | संचालक |
| ५. | श्री सुरेन्द्र नाथ पन्त | संचालक |
| ६. | श्री सुमित कुमार अग्रवाल | संचालक |
| ७. | श्री अश्विनी कुमार आचार्य | संचालक |
| ८. | श्री पुष्पमान श्रेष्ठ | संचालक |

**५.२ अन्य पदाधिकारीको उपस्थितिः**

१. श्री रत्नराज बज्राचार्य — प्रमुख कार्यकारी अधिकृत

**५.३ शेयरधनीहरुको उपस्थितिः**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्याः ३८

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्याः १९

३. जम्मा उपस्थित संख्या : ५७

**६. गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)**

| विवरण | कुल संख्या | उपस्थिति संख्या | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ५४,०२४ | ५७ जना | |
| संस्थापक समूह क अन्तर्गत उप-समूह ए,वी,सी,डी, ई, एफ | ३२ | २० जना | |
| सर्वसाधारण समूह ख | ५३,९९२ | ३७ जना | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १,५०,००,००० कित्ता | ९९,३७,९५५ कित्ता | ६६.२५ प्रतिशत |

**७. सभाको बैधानिकताः**

७.१ कम्पनी ऐन,२०६३ तथा बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्राबधान बमोजिम बैंकको पाँचौ वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ५७ भएको र कुल शेयरको ६६.२५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्रबधान भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने ब्यबस्था कम्पनी सचिवले जानकारी गराएपछि दिनको १०.०० बजे अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा बैंकको पाँचौ वार्षिक साधारण सभा सुरु भयो ।

**८. वार्षिक साधारण सभाको प्रस्तुतिः**

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचि अनुसार आ.व.२०६७/२०६८ को संचालक समितिको प्रतिबेदन अध्यक्षज्यूले पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

२. त्यसपछि अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिबेदन सहितको २०६८ आषाढ मसान्त सम्मको रु.१७,५२,२७,०८,४३५। को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र रु.८५,८९,८६,५९६। कुल संचालन आम्दानी र रु.६३,४०,०९,००५ (आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व.२०६७/०६८ को नाफा नोक्सान हिसाव तथा साधारण जगेडा कोष बापत रु.४,४९,९५,५५०। र सटही घटबढ कोषबापत रु.२८,३५,०१७ छुट्याई बाँकी रहेको संचित मुनाफा तथा गत बर्षको संचित मुनाफा रु.२,६७,६६९। वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु.१,७५,४४,४६,११७ भएको नगद प्रवाह बिवरण सहितको वासलात,नाफानोक्सान हिसाव समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

९. **छलफलको लागि आह्वान र शेयरधनी महानुभवहरुः**

९.१ बैंकको आ.व.२०६७०६८ को प्रतिबेदन, २०६८ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व.२०६७/०६८ को नाफानोक्सान हिसाव तथा नगद प्रवाह बिवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नामः

१. श्री अशोक उप्रेती

२. श्री अम्बिका प्रसाद पौड्याल

१०. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएका सराहनाः**

आ-आफ्नो मन्तब्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालकहरु र ब्यबस्थापनलाई धन्यबाद दिनु भयो साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामको सराहना तथा देखिएका कमि कमजोरी औंल्याउनु भयो । बैंकको हितको लागि आफ्नो तर्फबाट सुझाव प्रस्तुत गर्नु भयो । सम्भाबित जोखिमलाई न्यूनीकरण गर्दै बैंकको प्रतिस्पर्धी क्षमतालाई अभिबृद्धि गर्दै बैंकिङ्ग ब्यबसायको नयाँ क्षेत्र पहिचान गरी सेवा बिस्तार गरी बित्तीय ब्यबसायलाई अझ अगाडि बढाउँदै लैजानु पर्छ भन्ने कुरामा जोड दिनु भयो ।

११. **छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :**

छलफलको क्रममा शेयरधनी बक्ताहरुले बुँदागतरुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना,सुझाव एवं मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

(१) **श्री अशोक उप्रेती**

क) अध्यक्षले साधारण सभामा प्रतिबेदन प्रस्तुत गर्दा पुरै प्रतिबेदन वाचन गर्दा धेरै समय लाग्ने भएकाले आजकाल प्रतिबेदनको टिपोटमात्र पढ्ने चलन भएकाले उक्त प्रचलनलाई हामीले पनि अप्नाउँदा राम्रो हुन्छ ।

ख) बैंकको रजिष्टर्ड कार्यालय रहेको स्थान वीरगंजमा माइस्थान मन्दिर जिर्णोद्धार भइरहेकाले यो पाँचौ वार्षिक साधारण सभाको शुभ अवसरमा उक्त पुण्य कार्यका लागि केहि रकम चन्दा दिन अनुरोध गर्दछु ।

ग) बैंकिङ क्षेत्र भनेको बाजेले लगानी गरेर नातिले प्रतिफल खाने ब्यबसाय भएकाले बैंकको लागि पाँच वर्षको अवधि लामो होइन । बैंकले पाँच वर्षमा जुन प्रगति हाँसिल गरेको छ यो राम्रो छ ।

घ) कृषि क्षेत्रलाई प्राथमिकता दिई हरेक किसानलाई बैंकिङ सेवा पु-याउने बैंकको लक्ष्य समय सापेक्ष छ ।

ङ) बैंक बिभिन्न समस्या सँग जुध्दै अगाडि बढी रहेको छ । बैंकका प्रबर्द्धकको ब्यबसायिक पृष्ठभूमी राम्रो भएकाले बैंकले आफ्नो लक्ष्य प्राप्ति गर्ने कुरामा हामी शेयरधनी बिश्वस्त छौं ।

च) बैकिङ ब्यबसाय अन्य ब्यबसाय भन्दा फरक ब्यबसाय भएकाले सवै बिषयको राम्ररी बिष्लेशण गरेर अगाडि बढ्न संचालक समितिलाई अनुरोध गर्दछु ।

छ) बैकको उन्नति प्रगतिको कामना गर्दै सम्बत २०६८ सालको दशैं, तिहार तथा छटको समेत शुभकामना ब्यक्त गर्दछु ।

(२) **श्री अम्बिका प्रसाद पौड्याल**

क) बैंकिङ ब्यबसाय अन्य ब्यबसाय भन्दा फरक ब्यबसाय भएकाले पाँच वर्षको छोटो अवधि बैंकको समग्र विषयको मुल्याङ्कन गरेर निष्कर्ष निकाल्ने बेला भएको छैन ।

ख) बैंकको संचालक समितिको बनोट समावेसी प्रकृतिको छ ,आजको प्रतिष्पर्धि बजारमा बैंक जुन किसिमले अगाडि बढी रहेको छ , राम्रै छ ।

ग) बैंकको विशेष साधारण सभाले मर्जरमा जाने विशेष प्रस्ताव पारित गरी सकेकाले मर्जरको प्रकृया चाँडो टुंग्याउनु बैंकको हितमा हुन्छ ।

घ) हामी सँगै स्थापना भएका अन्य बैंक तथा वित्तीय संस्थासँग तुलना गर्दा हाम्रो NPA बढ्दै गएको छ ,यो राम्रो संकेत होइन । यो

कसरी भयो भन्ने कुरा बेलैमा समीक्षा गरेर सुधार गर्दै अगाडि बढ्न संचालक समितिलाई अनुरोध गर्दछु ।

ङ) हिजोका नीतिलाई पुनर्मुल्याङ्कन गरेर भएका कमि कमजोरिलाई परिमार्जन गर्न र बैंकलाई दिर्घकालिन असर पर्ने निर्णय गर्दा राम्ररी अध्यायन गरेर गर्न संचालक समितिलाई अनुरोध गर्दछु ।

च) पाँचौ वार्षिक साधारण सभा समयमै बोलाएकोमा संचालक समितिलाई धन्यबाद दिंदै सम्बत् २०६८ सालको बडादशैं, तिहार तथा छटको समेत शुभकामना ब्यक्त गर्दछु ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफः**

वार्षिक प्रतिबेदनमा भएका त्रुटिहरु देखाउनु भएकोमा शेयरधनीहरुलाई बैंकका अध्यक्षज्यूले धन्यबाद दिँदै उक्त सुझावहरुलाई ध्यानमा राख्दै आगामी बर्षमा सुधार गर्दै लाने प्रतिबद्धता जाहेर गर्नु भयो । शेयरधनीहरुको प्रश्नको जवाफ दिने क्रममा खर्च घटाउने ,आम्दानी बढाउने तथा बैंकको मुनाफा बृद्धि गर्नु पर्ने जस्ता सुझावहरुलाई मार्गदर्शनका रुपमा लिई बैंक अगाडि बढ्ने बताउनु भयो ।

शेयरधनी महानुभावहरुले उठाउनु भएको बैंकको नीति तथा काम कारोवारलाई समीक्षा गरी सुधार गर्दै अगाडि बढ्न दिनु भएको सुझावलाई मार्गदर्शनका रुपमा लिई बैंक अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्नु भयो ।

शेयरधनी महानुभावहरुले विशेष साधारण सभाले मर्जर गर्ने प्रस्ताव पारित गरी सकेकाले मर्जर चाँडो टुंग्याउनु राम्रो हुने भनि राख्नु भएको सुझाव सम्बन्धमा केहि बैंक तथा वित्तीय संस्था सँग मर्जरका लागि छलफल भइरहेको र उपयुक्त बैंक तथा वित्तीय संस्थासँग बैंकको हित हुने गरी मर्जर गर्ने प्रयास गरी रहेको कुरा अध्यक्षज्यूले प्रष्ट पार्नु भयो ।

शेयरधनी महानुभावहरुले उठाउनु भएको बैंकको NPA बढ्दै गएको राम्रो संकेत होइन, बैंकले लिएको नीतिको समीक्षा गरी उक्त बिषय सुधार गर्न दिनु भएको सुझाव सम्बन्धमा उक्त विषयमा बैंकले तत्कालै समीक्षा गरी देखिएका कमी कमजोरी सुधार गर्दै जाने प्रतिबद्धता जाहेर गर्नु भयो ।

अन्त्यमा अध्यक्षज्यूले यो बैंक मुलुकको एउटा असल बैंकको रुपमा स्थापित हुने कुरामा शेयरधनीहरुलाई बिश्वस्त पार्न चाहनुभयो ।

**१३. सभाको निर्णयः**

**(क) सामान्य प्रस्ताव तर्फ**

**(१) संचालक समितिको बार्षिक प्रतिबेदन पारित गर्ने ।**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले पाँचौ वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारित गरियो ।

(२) **लेखापरीक्षकको प्रतिवेदनसहितको आ. व. २०६७/०६८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व.२०६७/०६८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण समेत पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत ग-यो ।

३. **आ.व. २०६८/६९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार बैंकको लेखापरीक्षण समितिले बर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्ट) लाई आ.व.२०६८/०६९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्ने सिफारिस गरेको हुँदा लेखापरीक्षण समितिको सिफारिस बमोजिम बर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी ( चार्टर्ड एकाउन्टेन्ट) लाई आ.व.२०६८/०६९ को लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले करबाहेक एकमुष्ठ पारिश्रमिक रु.१,९२,५००/- (एक लाख बयानब्बे हजार पाँचसय) दिने गरी श्री सुन्दर एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्ट) लाई बैंकको लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिले ग-यो ।

४. **संचालक समितिले प्रस्ताव गरे बमोजिम ५.३५ प्रतिशत नगद लाभांश पारित गर्ने ।**

बैंकको आ.व.२०६७/०६८ को मुनाफाबाट शेयरधनीलाई चुक्ता पूँजीको ५.३५ प्रतिशत कर सहित नगद लाभांश दिने सम्बन्धि प्रस्ताव नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृत भएको हुँदा उक्त प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत ग-यो ।

५) **संस्थापक शेयरधनी समूह क उप-समूह ए, बी, सी, डी, ई, एफ. बाट संचालक पद ६ (छ) को निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनी समूह क उप-समूह ए, बी, सी, डी, ई, एफ. बाट संचालक पद ६ (छ) को निर्वाचन गर्न गराउनका लागि संचालक समितिको मिति २०६८।०६।०९ को निर्णयानुसार अधिवक्ता श्री लिलामणी पौडेललाई निर्वाचन अधिकृत नियुक्त गरिएकोमा निजले सो निर्वाचन कार्यक्रम सम्पन्न गर्न साधारण सभाको सूचनामा प्रकाशन गरिएअनुसार २०६८।०६।२३ मा बैंकको संचालक निर्वाचन सम्बन्धी निर्देशिका २०६५ बमोजिम निर्वाचन कार्यक्रम समेत प्रकाशन गरी निर्वाचन सम्बन्धी तोकिएका सम्पूर्ण कार्यक्रम सम्पन्न भएको जानकारी सभामा गराँउदै उप-समूह बी र एफ बाट उम्मेदवारी दर्ता नभएको कारण संचालक पद खालि रहेको र उप-समूह ए,सी,डी र ई बाट एक एक जनाको उम्मेदवारी दर्ता भएकोले निर्वाचन गर्नु पर्ने संख्या जति मात्र उम्मेदवारी कायम रहेको हुँदा संस्थापक शेयरधनी समूह **क उप-समूह ए, सी, डी, ई,** बाट देहाय वमोजिम संचालक निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

१.    श्री चन्द्र प्रसाद ढकाल ,  प्रतिनिधि आई.एम.ई.इन्भेष्टमेन्ट प्रा.लि.
२.    श्री सन्दिप अग्रवाल
३.    श्री सुरज कुमार श्रेष्ठ
४.    श्री सुरेन्द्र नाथ पन्त , प्रतिनिधि कन्टिनेन्टल इन्भेष्टमेन्ट प्रा.लि.

निर्वाचन अधिकृतले उल्लेखित व्यक्तिहरु ४ बर्ष पदाबधिका लागि बैंकको संचालकमा र्निविरोध निर्वाचित भएको कुरा सभामा पढेर जानकारी गराउनु हुँदै नवनिर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना सहित निर्वाचनको सम्पूर्ण कार्यक्रम सम्पन्न भएको घोषणा गर्नु भयो साथै  निर्वाचन अधिकृतले संचालक निर्वाचन सम्बन्धि गरेको घोषणालाई सभाबाट अनुमोदन गरियो ।

(ख)  बिशेष प्रस्ताव तर्फः

१)  **संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुंजीको ६.६७ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हद सम्म जारी पुंजी तथा चुक्ता पुंजी बृद्धि गर्ने सम्बन्धि  विशेष प्रस्ताव स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ६.६७ प्रतिशत बोनश शेयर बितरण गर्ने र सोही हद सम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरी जारी पूँजी रु.१,६०,००,००,०००। (एकअर्ब साठ्ठी करोड) तथा चुक्ता पूँजी रु.१,६०,००,००,०००। (एकअर्ब साठ्ठी करोड) कायम गर्ने विशेष प्रस्ताव स्वीकृत गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो । बैंकको चुक्ता पूंजीको ६.६७ प्रतिशत (१५ कित्ता बरावर १ कित्ता) बोनश शेयर वितरण गर्ने विशेष प्रस्ताव स्वीकृत भएकाले उक्त बोनश शेयर वितरण गर्दा खण्डिकरण (Fraction) हुने शेयरलाई नपुग रकम सम्बन्धित शेयरधनीले पाउने नगद लाभांशबाट कट्टा गरी पूर्णाकृत बोनश शेयर जारी गर्ने एवं सो गर्दा हालको संस्थापक तथा सर्वसाधरण समूहको संरचना (७०:३०) नबिग्रिने गरी समायोजन गरी सोहि बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावली समेत संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

२)  **बैंकको  प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्ताबित संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने ।**

बैंकको  प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्ताबित संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने बिशेष प्रस्ताव स्वीकृत गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा देहाय बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा थप एवं संसोधन  गर्ने गरी सभाले सर्वसम्मतिबाट उक्त बिशेष प्रस्ताव स्वीकृत ग-यो ।

**प्रबन्ध पत्रको दफा ४ (ष) १ थप तथा संसोधन गर्ने :**

सामूहिक लगानी कोष (Mutual Fund) संचालन गर्ने ।

**प्रबन्ध पत्रको दफा ५ (ख) मा देहाय बमोजिम थप तथ संसोधन गर्ने :**

बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु.१,६०,००,००,०००। (एक अर्व साठ्ठी करोड) हुने छ ।

**प्रबन्ध पत्रको दफा ५ (ग) मा देहाय बमोजिम थप तथ संसोधन गर्ने**

बैंकको तत्काल चुक्ता पूंजी रु.१,६०,००,००,०००।- (एक अर्व साठ्ठी करोड) हुने छ । जारी पुंजी चुक्ता भएको आधारमा चुक्ता पुंजी बृद्धि हुंदै जाने छ ।

**नियमावलीको नियम १० (५) लाई देहाय बमोजिम संसोधन गर्नेः**

संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुने छ र मत बरावर भएमा अध्यक्षले संचालकको हैसियतले दिएको मतको अतिरिक्त निर्णायक मत समेत दिन सक्ने छ ।

**१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सकिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा चौथो वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने सवै नियमनकारी निकाय समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै दिनको १२.४५ बजे सभा बिसर्जन गर्नु भयो ।

| | |
|---|---|
| .................... | ..................... |
| बिष्णु प्रसाद बाँस्कोटा | चन्द्र प्रसाद ढकाल |
| कम्पनी सचिव | अध्यक्ष |